नेपाल, बागमति प्रदेश, भक्तपुर, चाँगुनारायण नगरपालिका

# चाँगुनारायण नगरपालिकाको स्थानीय राजपत्र

खण्डः ५ संख्या : ०६ मिति : २०७८/०८/२८

**भाग-२**

**कार्यपालिबाट स्विकृत मिति : २०७८/०८/२४**

## चाँगुनारायण नगरपालिका

## विपद्सम्बन्धी ( ५०/५०) साझेदारी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना :** विश्वमा तीब्र रुपमा भइरहेको वातावरण परिपर्तनका असर कारण अप्रत्यासित रुपमा देखा परिरहेका बाढी, पहिरो, भुक्षय, जस्ता प्राकृतिक विपत्तिका कारण सृजना हुने जोखिमयुक्त विपद्बाट प्रत्यक्ष प्रभावित नागरिकलाई राहात उपलब्ध गराउन, नागरिकलाई सबैभन्दा नजिकको सरकारबाट प्रत्यक्ष लाभ प्राप्त गरेको अनुभुत गराउन स्थानीय सरकार तथा नागरिकका वीचको साझेदारीमा संचालित हुने कार्यक्रमलाई व्यवस्थित गर्न बाञ्छनीय भएकोले चाँगुनारायण नगरपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थाापन ऐन, २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाको मिति २०७८।०८।२४ को बैठकले यो कार्यविधि तयार गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम विपद्सम्बन्धी (५०/५०) साझेदारी कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

(३) यो कार्यविधि कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशन गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,-

क) **"ऐन"** भन्नाले चाँगुनारायण नगरपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २०७५ सम्झनु पर्छ ।

ख) **"कोष"** भन्नाले चाँगुनारायण नगरपालिका विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन ऐन, २० बमोजिम स्थापना भएको विपद् व्यवस्थापन कोष सम्झनु पर्छ र यो शब्दले उक्त कोषमा नागरिक, गैर सरकारी संस्था लगायतका दातृ संस्थाहरुबाट कोषमा जम्मा भएको रकम समेतलाई जनाउँछ ।

ग) **"प्रभावित व्यक्ति"** भन्नाले वडा कार्यालयबाट विपद्को घटनाबाट प्रत्यक्ष प्रभावित भएको भनी शिफारिश भएका नागरिक, नागरिकको निजी निवास नजिकको पूर्वाधार, भौतिक संरचनामा आंशिक वा पूर्ण रुपमा क्षति पुगको भनी समितिबाट सिफारिश भएको नागरिकलाई समेत जनाउँछ ।

घ) **"समिति"** भन्नाले दफा ८ बमोजिमको समितिलाई सम्झनुपर्दछ ।

ङ) **"कार्यालय"** भन्नाले नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ र यो शब्दले नगरपालिकाको संगठन संरचनामा रहेको शाखा/ वडा कार्यालय समेतलाई जनाउँछ ।

च) **"नगरपालिका"** भन्नाले चाँगुनारायण नगरपालिका सम्झनु पर्छ ।

छ) **"नगर प्रमुख"** भन्नाले चाँगुनारायण नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ ।

ज) **"संयोजक"** भन्नाले दफा ८ बमोजिम गठित समितिको संयोजकलाई सम्झनु पर्छ ।

झ) **"वडा कार्यालय"** भन्नाले नगरपालिका अन्तर्गतको वडा कार्यालयलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## अवधारण तथा उद्येश्य

चाँगुनारायण नगरपालिका क्षेत्र भित्र हुने सबै प्रकारका प्राकृतिक विपद्को व्यवस्थापन तथा न्युनीकरणका लागि प्रभावित व्यक्ति तथा स्थानीय सरकारको समन्वय र साझेदारीमा योजनाका कार्यक्रम संचालन गर्न सहयोग पुर्‍याउनु नै कार्यविधिको मुल अवधारणा हुनेछ ।

**३. कार्यविधिको उद्येश्य :** (१) सबै प्रकारका प्राकृतिक विपद्को व्यवस्थापन तथा न्युनीकरणका लागि नगरपालिका र नागरिक बीच साझेदारीमा कार्यक्रम संचालन गरी नगरपलिकाको विकासमा सहयोग पुग्ने अवस्थाको सृजना गर्नु यस कार्यविधिको मुख्य उद्येश्य हुनेछ ।

(२) कार्यविधिका अन्य उद्येश्यहरु देहाय बमोजिम हुनेछन् :-

(क) विपद्को घटनाबाट प्रभावित व्यक्तिलाई स्थानीय स्तरमा तुरुन्त सहायता र राहात उपलब्ध गराउने ।

(ख) विपद् पर्दा तत्कालै नागरिकलाई राहात उपलब्ध गराई स्थानीय सरकारको प्रत्यक्ष अनुभुत गराउने ।

(ग) विपद् जोखिम न्युनीकरण, पूर्व तयारी ,प्रतिकार्य र पुर्नलाभ कार्यलाई सहज बनाउने ।

(घ) स्थानीय सरकार र नागरिक बीच सहकार्य तथा साझेदारीलाई थप मजबुत बनाउने ।

(ङ) विपद्बाट हुनसक्ने थप जोखिम न्यूनीकरण गर्न सहयोग पुऱ्याउने ।

## परिच्छेद ३

## विपद्सम्बन्धी ( ५०/५०) साझेदारी कार्यक्रम संचालन सम्बन्धी व्यवस्था

**४. निवेदन पेश गर्नु पर्ने :** (१) विपद्को घटनाबाट प्रभावित व्यक्ति वा पुर्वाधारको आंशिक वा पूर्ण क्षतीबाट प्रभावित व्यक्तिहरुले विपद्का कारण भएको हानी नोक्सानीको विवरण सहित अनुसुची १ बमोजिमको ढाँचामा नगर प्रमुख समक्ष निवेदन पेश गर्नु पर्ने छ । निवेदनका साथमा देहाय बमोजिमको विवरण तथा कागजात पेश समेत गर्नु पर्ने छ :-

(क) विपद्को घटना घटेको वडाको शिफारिश पत्र ,

(ख) व्यक्तिगत संरचनामा क्षति भएकोमा जग्गा धनीपूर्जाको प्रतिलिपी,

(ग) संरचना वनाउन स्वीकृति लिएको निस्सा ,

(घ) निवेदकको नागरिकताको प्रतिलिपि,

(ङ) विपद्ले पुऱ्याएको क्षति झल्किने फोटो वा अन्य कुनै प्रमाण

**५. निवेदन उपरको कारवाही :** नगर प्रमुख समक्ष पेश भएको निवेदन उपर आवश्यक कारबाहीका लागि दफा ८ बमोजिम गठित समितिले आवश्यक छानविन गरी कार्यावयनका लागि नगरपालिका समक्ष सिफारिश गर्नेछ ।

**६. निवेदन तामेलीमा राख्न सक्ने :** दफा ८ बमोजिम गठित समितिले छानविनका क्रममा निवेदनका साथ दफा ४ बमोजिम आवश्यक विवरण र कागजात संम्लग्न नरहेमा तथा निरीक्षणका क्रममा कार्यक्रम संचालन गर्न उपयुक्त नदेखेमा प्राप्त निवेदनलाई तामेलीमा राख्न सक्नेछ ।

**७. समितिको निर्णय अन्तिम हुने :** समितिले छानविनका क्रममा निवेदनका साथ दफा ४ बमोजिम आवश्यक विवरण र कागजात संम्लग्न नरहेमा तथा निरीक्षणका क्रममा कार्यक्रम संचालन गर्न उपयुक्त नभएका भनी किटान गरेको निर्णय उक्त निवेदनका हकमा अन्तिम हुनेछ । समितिको निर्णय उपर कुनै कारबही हुने छैन ।

## परिच्छेद ४

## समिति सम्बन्धी व्यवस्था

**८. समितिको गठन सम्बन्धी व्यवस्थाः** चाँगुनारायण नगरपालिका क्षेत्र भित्र हुने सबै प्रकारका प्राकृतिक विपद्को व्यवस्थापन तथा न्युनीकरणका लागि प्रभावित व्यक्ति तथा स्थानीय सरकारको समन्वय र साझेदारीमा योजनाका कार्यक्रम संचालन गर्न नगर प्रमुख समक्ष परेका निवेदन उपर आवश्यक छानविन गरी नगरपालिका समक्ष नगरकार्यपालिका कार्यविभाजन नियमावली २०७६ अन्तरगत गठन भएको वन, वातावरण तथा विपद व्यवस्थापन समितिले सिफारिस गर्नेछ ।

**९. समितिको काम ,कर्तव्य र अधिकार :** दफा ८ बमोजिम गठित समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विपद्मा परेका नागरिकहरुबाट वडा कार्यालयबाट सिफरिश सहित प्राप्त निवेदनहरुको संकलन गर्ने ।

(ख) समिति समक्ष प्राप्त भएका निवेदनहरुको आवश्यक जाँचबुझ गरी प्राविधिक सहितको टोलीबाट स्थलगत निरीक्षण गराई क्षतीको यकिन सहितको प्राविधिक प्रतिवेदन पेश  गर्न लगाउने ।

(ग) विपद्को घटना र सोबाट पर्न गएको हानी नोक्सानीको मूल्यांकन सहितको सर्जमिन मुचुल्का तयार गर्न लगाउने ।

(घ) ५० ।५० साझेदारीमा योजना संचालन गर्नु पर्ने यकिन भएका स्थानहरुको लागि योजना संचलन गर्न लागत अनुमान तयार गर्न लगाउने ।

(ङ) विपद्को सघनता, योजनाको आवश्यकता र औचित्य, भविश्यमा पार्न सक्ने थप क्षति, विपद् व्यवस्थापन कोषको अवस्था समेतलाई दृष्टिगत गरि निवेदनहरुको प्राथमिकी करण गर्ने ।

(च) विपद्बाट भएको क्षतीको अध्ययन गरी आवश्यकता र औचित्यताका आधारमा ५० ।५० साझेदारीको योजना वा वस्तुगत सामाग्री उपलव्ध गराउने विषयमा प्रमुख समक्ष सिफारिश गर्ने ।

## परिच्छेद ५

## भुक्तानी सम्बन्धी व्यवस्था

**१०. योजनाको स्वीकृति :** दफा ८ बमोजिमको समितिको सिफारिशमा आवश्यकता र औचित्यताका आधारमा ५० ।५० साझेदारीको योजनाको स्वीकृति  नगर प्रमुखबाट हुनेछ ।

**११. सुनिश्चित गर्नु पर्ने :** स्वीकृत योजना अनुसार लागत अनुमानका आधारमा विपद्मा परेका नागरिकले भौतिक संरचनाको निर्माण गर्न आवश्यक पर्ने ५० प्रतिशत बराबरको रकमको सुनिश्चितता गरेको कागजात पेश गर्नु पर्नेछ ।

**१२. निर्माण कार्य सम्बन्धी व्यवस्था :** कार्यालयले दिएको कार्यादेश अनुसार सम्झौतामा तोकिएको अवधि भित्र स्वीकृत लागत अनुमान अनुसार निर्माण कार्य गर्ने दायित्व विपद्मा परेको नागरिकको हुनेछ ।

**१३. स्थलगत निरीक्षण गर्न सकिनेः** नगरपालिकाबाट खटाइएका प्रविधिकले कार्यादेश बमोजिम लागत अनुमानका आधारमा गुणस्तरीय कार्य गरे नगरेको सम्बन्धमा निर्माण कार्य भइ रहेको स्थानको स्थलगत निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

**१४. कार्य मुल्यांकन सम्बन्धी व्यवस्था :** नगरपालिकाबाट खटाइएका प्रविधिकले कार्यादेश बमोजिम लागत अनुमानका आधारमा गुणस्तरीय कार्य गरे नगरेको यकिन गरी कार्य मुल्यांकन प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

**१४. अनुगमन सम्बन्धी व्यवस्था :** नगरपालिकाबाट गठित अनुगमन तथा फरफारक समितिले निर्माण कार्यको अनुगमन गरी अन्तिम कार्य मुल्यांकनका आधारमा योजना फरफारक गरी भुक्तानीका लागि नगरपालिका समक्ष सिफारिश गर्नेछ ।

**१४. भुक्तानी गर्न सकिने :** नगरपालिकाबाट गठित अनुगमन तथा फरफारक समितिको सिफारिश तथा अन्तिम कार्य मुल्यांकनका आधारमा विपद् प्रभावित नागरिकलाई विपद् व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी भुक्तानी गर्न सकिनेछ ।

## परिच्छेद ६

## विविध

**१५. वाधा अड्काउ फुकाउने अधिकार :** (१) यो कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ परेमा त्यस्तो वाधाअड्काउ फुकाउन कार्यपालिकाले आदेश जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यपालिकाले जारी गरेको आदेश यसै कार्यविधिमा उल्लेख भए सरह मानिनेछ ।

(३) उपदफा (१) बमोजिम आदेश जारी गर्ने अधिकारको प्रयोग गर्दा प्रचलित कानूनको मूलभूत कुरालाई असर नपर्ने गरी मात्र गर्न सकिनेछ ।

**१६. बचाउ :** (१) यस कार्यविधिमा लेखिएका कुरामा यसै बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यो कार्यविधि लागू हुनुपूर्व भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले,

अग्नी प्रसाद अधिकारी

प्रमुख प्रशासकीय अधिकृत